नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :

च. नं. :

मितिः २०७७/२/३१

## प्रेस विज्ञप्ति

२०७७ सालको मनसुन प्रणाली जेष्ठ ३० गते पूर्वी नेपालमा आगमन भैसकेको र केहि दिन भित्रै देशभरी मनसुन कृयाशील हुने देखिन्छ। यस परिवेशमा विभागबाट जारी हुने २४ घण्टे बाढी सम्बन्धी पूर्वानुमान र पूर्वसूचना सेवा यहि असार १ गतेबाट संचालनमा आउने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा जानकारी गराउँदछौं। साथै, मनसुन आपत्कालिन कार्ययोजना -२०७७ बमोजिम असार १ गतेदेखि यस वर्षको मनसुन अवधी भर निम्न सेवाहरु संचालनमा ल्याइनेछ।

१. प्रत्येक दिन विहान ७:०० बजे, देशका प्रमुख नदीहरुको आगामी ३ दिनको बाढी प्रक्षेपण बुलेटिन विभागको वेभसाइट www.hydrology.gov.np मार्फत् जारी गरिनेछ।

२. मौसमका कारण उत्सर्जित बाढी सम्भन्धी पूर्वसूचना केहि घण्टा अगावै संवेदनशीलताका आधारमा नदी तटिय क्षेत्रमा बसोबास गर्ने समुदायहरु, विपद व्यवस्थापनमा संलग्न केन्द्रिय तथा स्थानिय निकाय, र सरोकारवाला पदाधिकारीहरुलाई मोवाइल SMS मार्फत् सुचित गरिनेछ।

३. Nepal Flood Alert नामको Twitter र Facebook सामाजिक संजालहरु मार्फत् आवश्यकता अनुसार बाढी पूर्वसुचना तथा बाढीजन्य अन्य सूचना सम्प्रेषण गरिनेछ ।

४. विशेष भौगोलिक क्षेत्रको बाढी सम्बन्धी सतर्कताका लागि जानकारी प्राप्त गर्न, सर्वसाधारणका लागि टोल फ्रि नं. ११५५ संचालनमा ल्याईनेछ।

५. वर्षा लगायतका विषम मौसमी अवस्था बारे सू-सुचित हुन निम्न टेलिफोन सेवा चौविसै घण्टा संचालनमा रहनेछन्।
   क) ०१-४११३१९१
   ख) ०१-४४८६८६९

६. वर्षा लगायतका विषम मौसम परिस्थितिको सुचनाहरु नियमित रुपमा निम्न माध्यमहरु मार्फत् जानकारी गराईने छ।
   क) मौसम पूर्वानुमानको वेबसाइट www.mfd.gov.np
   ख) मौसम पूर्वानुमानको Facebook र Twitter समाजिक संजालहरुः www.facebook.com/dhmweather र https://twitter.com/DHM_Weather

७. विषम मौसम तथा बाढी पूर्वानुमान गरिएको अवस्थामा सार्वजनिक प्रेस विज्ञप्ति जारी गरिनेछ।

अर्चना श्रेष्ठ

वरिष्ठ मौसमविद्/प्रवक्ता